सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

आदेश

०७६-WO-०२०३

**मुद्दाः-उत्प्रेषण।**

अधिवक्ता दिपक विक्रम मिश्र ---------------------------------------------------------- निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरबार काठमाण्डौसमेत ------------ प्रत्यर्थी

१. यसमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री दिपक विक्रम मिश्रले वर्षको ८,१० करोड खर्च गरी हिमालको सरसफाई हुने गरेको तर सरसफाई अभियानभन्दा पनि फोहोर हुनै नदिने र सफा सुरक्षित राख्ने नीति सरकारले अवलम्बन गर्नुपर्ने हुन्छ। विदेशीहरुले अनुमतिविना चुचुरो ढाक्ने गरी झण्डा टाङ्गने गरेको र नेपाल सरकारले अनुगमन समेत गर्ने गरेको पाइदैंन। बिमा नगरी आरोहणका लागि जाने, मान्छे मरेपछी ४६-४७ दिन सम्म पनि शव हिमालमै रहने र शवको समयमा नै व्यवस्थापन गर्न नसकिएको, शव लिएर आउने जिम्मा Company/travel Agent को हुनुपर्ने तथा आरोहणमा लाने सामानहरुको लागि पनि नेपाल सरकारको अनुमति अनिवार्य हुनुपर्ने, आरोहीले आफै फोहोर लिएर आउनुपर्ने कुरा कानूनमा बाध्यकारी व्यवस्था नभएको कारण सगरमाथा लगायतका हिमालहरूको संरक्षणमा प्रभावकारी पहल हुन नसकेको कारण हिमाली क्षेत्रमा फोहोरमैला थुप्री सो क्षेत्रको सौन्दर्यतामा नै नकारात्मक असर परेको देखिँदा सो क्षेत्रको संरक्षणका लागि प्रत्यर्थीहरूको नाममा आवश्यक आदेश जारी गरी पाउँ र प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री संजिव राज रेग्मी तथा प्रत्यर्थी सगरमाथा वातावरण नियन्त्रण समितिको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री केदार प्रसाद दाहालले निवेदकको भनाई बमोजिम कानूननै नभएको वा भएका कानूनको कार्यान्वयन नै हुन नसकेको भन्ने भनाई मिलेको छैन भनी गर्नुभएको बहससमेत सुनियो ।

२. नेपाल सरकारले ४१४ वटै हिमालहरुमा आरोहणका लागि अनुमति दिएता पनि ती हिमालहरूको सरसफाई, हिमाली क्षेत्रको वातावरण संरक्षणमा ध्यान दिएको पाईदैन। सगरमाथा क्षेत्रमा आरोहणका क्रममा फ्याँकिएको फोहोर बेसक्याम्प र दोश्रो आधार सिभिर सम्मको फोहोर मात्र संकलन गर्ने गरिएको त्यसमा पनि यसरी संकलन गरिएका फोहोरहरु मानवीय फोहोर र आरोहीहरुले आरोहणका क्रममा खानपिन गर्दा बाँकी हुन गएको फोहोरहरु मात्र संकलन गर्ने गरिन्छ। दोश्रो बेसक्याम्पभन्दा माथि हुने फोहोरहरु संकलन गरिएको देखिदैन। समरमाथा आरोहरणमा जाँदा मौसममा सुधार नहुन्जेलसम्म विभिन्न बेसक्याम्पहरुमा आरोहीहरु हसौंसम्म महिनौ दिनसम्म समय बिताउनु पर्ने अवस्था हुन्छ। जुन समयमा आरोहीहरुबाट सो क्षेत्रमा धेरै मात्रामा फोहोर गर्ने गरिन्छ। जुन समयमा आरोहीहरूले गरेको फोहोर तथा त्याग गर्ने मलमुत्र पानीको मुहानमा मिसिन पुग्दा सो क्षेत्रका स्थानीय बासिन्दाहरुको उपयोग गर्ने पानी प्रदुषित हुन पुगी हिमाली क्षेत्रमा धेरै मात्रामा फोहोर समेत जम्मा हुने गरेको जसले गर्दा सगरमाथा क्षेत्र दुषित बन्ने गर्दछ। हिमाली क्षेत्रमा यत्रतत्र फालिने फोहोर वर्षातको समयमा हिउँ पग्लदा देखिने हुँदा सो क्षेत्रको वातावरण मात्र प्रदुषित नभई दृश्यसमेत प्रदुषित हुने गरेको देखिन्छ।

पर्वतारोहणको क्रममा निधन भएका व्यक्तिको मृत शरीरको व्यवस्थापन गर्ने सम्बन्धी समेत प्रभावकारी कानून निर्माण हुन नसक्दा कयौ आरोहीहरूको शव अझै हिमालमा नै रही हिमाली क्षेत्रको वातावरणमा चुनौती थपिदै गएको छ। पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम १५ (छ) बमोजिम हिमाल आरोहण गर्दा आरोहीहरुले आधार शिविरभन्दा माथि गरिएको फोहोर अनिवार्यरुपमा आधार शिविरसम्म ल्याउनुपर्ने व्यवस्था रहेको छ। तर यसको कार्यान्वयन भएको देखिदैन। हिमाल आरोहण गर्न जानुभन्दा अगाडि पर्वतारोहीहरुले पर्यटन विभागमा राखेको धरौटी रकम हिमाल आरोहण गरेर फर्किसकेपछि आरोहीहरुले फिर्ता लिन नआउनुबाट समेत हिमालहरु अत्यन्तै फोहोरमैलायुक्त प्रदुषितरुपमा रहेको कुरा स्पष्ट हुन्छ। हिमाली क्षेत्र संरक्षण गर्न विद्यमान कानून अपुग भएको र भएका कानूनको पनि पूर्ण कार्यान्वयन हुन नसकेकोले विश्व सम्पदा सूचीमा सूचीकृत सगरमाथा राष्ट्रिय निकुञ्ज लगायतका हिमाल संरक्षणका लागि नयाँ कानुन बनाउनुपर्ने देखिएकोले अब बन्ने नयाँ कानूनमा हिमालमा गरिने फोहोर सरसफाइ गर्ने सम्बन्धमा कडा एवं प्रभावकारी अनुगमन संयन्त्रसहितको प्रभावकारी व्यवस्था कानूनमा नै गर्नुपर्ने देखिन्छ साथै पर्यटकहरुले हिमाल

आरोहण गर्दा गर्ने फोहोर के कसरी व्यवस्थापन गर्न सकिन्छ, के कसो गर्दा हिमालहरु भावी पुस्ताका लागि सुरक्षित राख्न सकिन्छ भनी आवश्यक भए विज्ञहरूसँग समेत सल्लाह सुझाव लिई हिमाल आरोहणको दस्तुर बढाउनुपर्ने हो अथवा केही समयका लागि विश्व सम्पदामा सूचीकृत सगरमाथा लगायतका हिमाल आरोहणहरु रोक्नु पर्ने हो सो सम्बन्धमा उत्तरतर्फको छिमेकी मित्रराष्ट्रसँग सरसल्लाह गर्नु पर्ने भए सबैसँग सल्लाह गरी हिमालसहितको हिमाली क्षेत्र विश्व समुदायका लागि संरक्षण गर्नका लागि हिमाल सरसफाई तथा संरक्षण सम्बन्धमा उपयुक्त कानूनको मस्यौदा तयार गरी संसदको यसै अधिवेशनमा पेश गर्नु भनी विपक्षीहरुको नाममा परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भन्ने निवेदन मागदावी रहेको देखिन्छ।

३. नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा सुनिश्चितता गरेको छ । वातावरण संरक्षण ऐन, २०७३ को दफा २९ ले "*राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सम्बन्धित सबैको कर्तव्य हुने र यो प्रयोजनको लागि सरोकारवाला निकायले अभिलेख तयार गरी नेपालभित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु, स्थल, वनस्पति, जीवजन्तु, वातावरणीय अवस्था आदिको संरक्षण गर्नुपर्ने*" प्रावधान राखेको छ। पर्यटन ऐन, २०३५ ले व्यवस्थित पर्वतारोहणको लागि दफा १६ मा "*कुनै पर्वतारोही दलले अनुमति प्राप्त नगरी कुनै हिमालचूली आरोहण गर्न पाउने छैन*" भनी व्यवस्था गरेको छ। ऐ.ऐ.को दफा ३० ले "*पर्वतारोही दलले पर्वतारोहण गर्दा वातावरण दूषित हुन नदिन तोकिएको शर्त पालना गर्नुपर्ने र तोकिएको शर्तको पालना नगरेबाट कसैको ज्यू-ज्यानमा वा कुनै सरकारी वा गैर-सरकारी सम्पत्तिमा हानी नोक्सानी हुन गएमा सम्बन्धित पर्वतारोही दलले र उक्त दलले नतिरेमा सिफारिश गर्ने संस्थाले नेपाल सरकारले निर्धारण गरे बमोजिम क्षतिपूर्ति तिर्नु पर्नेछ*" र दफा ३० को (क) ले "*नेपाल सरकारले तोके बमोजिमका हिमालचूली आरोहण गर्न जाने पर्वतारोही दलबाट फोहोर मैला व्यवस्थापनको लागि तोकिए बमोजिमको रकम धरौटी लिन सक्ने र सम्बन्धित पर्वतारोही दलले आफ्नो आरोहण सम्बन्धी कार्य पूरा गरेपछि आफ्नो साथमा लगेका तोकिए बमोजिमका वस्तुहरू आफ्नो साथ फिर्ता ल्याई नेपाल सरकारले तोकेको ठाउँमा पुर्याएपछि धरौटी रकम सम्बन्धित पर्वतारोही दललाई तोकिए बमोजिम फिर्ता दिइने*" भन्ने व्यवस्था गरेको छ। साथसाथै दफा ३८ ले कुनै पर्वतारोही दल वा त्यसको कुनै सदस्यलाई ऐन विपरीत काम गरेमा दण्ड

सजायको पनि व्यवस्था गरेको छ। पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ३ मा पर्वतारोहणको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट अनुमति लिनु पर्ने र नियम ६ लै अनुमति प्राप्त गरेका पर्वतारोही दलले शर्तहरू पालना गर्नु पर्ने भनी राखेको छ। नियम ६ को (छ) ले *"पर्वतारोहण क्षेत्र वरपरका रुख पात, अन्य वन्य सम्पदा तथा वातावरणीय स्वच्छतालाई क्षति पुर्याउन वा मास्न नहुने र नियम ६ को (झ) ले वातावरण दूषित हुन नदिन मन्त्रालयले तोके बमोजिम काम गर्ने"* भनी उल्लेख भएको छ। नियम १५ को (छ) ले आधार शिविर भन्दा माथि सरसामान प्रयोग गर्दा निस्केको फोहोरमैला अनिवार्य रुपले आधार शिविरसम्म ल्याउन पर्वतीय पथ प्रदर्शकको कर्तव्य राखेको र नियम १९ ले पर्वतारोही दलले पर्वतारोहणको लागि प्रस्थान गर्नु अघि आफ्नो साथमा जाने सम्पूर्णको नेपाल सरकारबाट मान्यता प्राप्त कुनै बीमा कम्पनीसित व्यक्तिगत दुर्घटना बीमा गराउनु पर्ने समेतको व्यवस्था गरेको पाइन्छ। नियम २६ ले पर्वतारोही दलले पर्वतारोहण सम्बन्धी जानकारी (ब्रिफिङ्ग) लिनु अघि फोहोरमैला व्यवस्थापनको लागि अनुसूची–९ बमोजिमको रकम मन्त्रालयमा धरौटी राख्नु पर्ने प्रावधानको व्यवस्था गरेको पाइन्छ भने नियम २७ (१) लें पर्वतारोही दलले प्रयोग गरेका वस्तुबाट भएको फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनको लागि फोहोरमैलालाई (क) नष्ट गर्न सकिने फोहोरमैला, (ख) पुनः प्रशोधन गर्न सकिने फोहोरमैला र (ग) पुनः निकासी गर्नु पर्ने फोहोरमैला गरी तीन किसिमले वर्गीकरण गरेको पाइन्छ।

४. यसरी कानून अन्तर्गत महत्वपूर्ण दायित्वहरु राखिएको देखिएता पनि नेपाल सरकारले र सम्बन्धित निकायहरुले हिमालहरुको सरसफाई, हिमाली क्षेत्रको वातावरण संरक्षणमा ध्यान नपुर्‍याएको जसले वातावरण प्रदूषण गरेको भन्ने गम्भिर प्रश्न निवेदकको तर्फबाट उठाइएको तथा पर्वतारोहीहरूले पर्वतारोहणको क्रममा गरेको फोहोर व्यवस्थापनमा निजहरुलाई पूर्णरूपमा बाध्यकारी हुने गरी स्वयंम जिम्मेवार बनाउने र पर्वतारोहणका क्रममा निधन भएको व्यक्तिको लाश वा मृत शरीरको व्यवस्थापनमा समेत प्रभावकारी कानूनको अभाव रहेको भन्ने निवेदनमा निवेदकले उठाएको विषय वस्तुको गाम्भिरता, संवेदनशिलतालाई र राज्यको अभिभावकत्व उत्तरदायित्व (Parens Patriae) को सिद्धान्तलाई ध्यानमा राखी फोहोर गर्नेलाई उत्तरदायी (Polluters Pays) बनाउने सिद्धान्त बमोजिम अन्तरवंशीय समन्यायको (Intergenerational equality) सुनिश्चितता गर्न, नेपालको सम्पदाको रुपमा रहेको हिमाल

पर्वतहरुमा फोहोर व्यवस्थापन नहुँदा यसको अस्तित्व मै संकटमा पर्न जाने, मानवीय जीवनमा खतरा उत्पन्न हुने तथा विपदको जोखिमता समेत बढाउने हुँदा हिमालहरुको संरक्षण र संवर्द्धन गर्दै In Dubio Pro Natüre को अवधारणा अनुसार ~~दीर्घकालिन~~ दिगो विकास (Sustainable Development) को निमित्त प्रस्तुत रिट निवेदनलाई निरन्तर परमादेश (Continuous mandamus) मा राखी निर्णयमा पुग्न आवश्यक देखिंदा प्रस्तुत निवेदनलाई हेर्दा हेर्दैमा राखी मिति २०७९।२।३० मा निम्न विषयमा प्रतिवेदन तयार गरी यसै इजलास समक्ष पेशी राखी नियमानुसार पेश गर्नू।

(क) पवर्तारोही दललाई हिमालचुली आरोहण गर्ने अनुमति दिंदा वातावरण दुषित हुन नदिन कस्तो शर्तहरु राखिने गरिएका छन्?

(ख) फोहोरमैला व्यवस्थापनको निमित्त राखीएको धरौटी फिर्ता दिंदा फोहोर फिर्ता ल्याइएको सुनिश्चितता कसरी गर्ने गरिन्छ? आधार शिविरसम्म ल्याइएको फोहोरको व्यवस्थापन कसरी गरिएको छ?

(ग) प्रत्येक वर्ष कति टन फोहोर बेस क्याम्पबाट उठाउने गरिएको छ? अब बाँकी फोहोर के कति छ? सो उठाउन के योजना बनाइएको छ? नष्ट गर्न सकिने फोहोरमैला, पुनः प्रशोधन गर्न सकिने फोहोरमैला र पुनः निकासी गर्नु पर्ने फोहोरमैलालाई संकलित स्थानबाटै वर्गीकरण गर्ने गरिएको छ वा छैन? वर्गीकरण गरिएको भए मुख्य गरी कस्तो प्रकारको फोहोर बढी मात्रामा रहेको छ र त्यसको व्यवस्थापन कसरी गरिएको छ? सोको व्यवस्थापनको निमित्त कुनै योजना/कार्यक्रम रहे सोको जानकारीसमेत उपलब्ध गराउनू।

(घ) हिमालचुली आरोहीले गरेको फोहोर र व्यवस्थापनको अनुगमन प्रणाली के रहेको छ? यसमा हिमालचुली आरोही समुहसँग जाने आरोहण दललाई मद्दत गर्ने कम्पनी वा सहयोगी व्यक्तिहरुको फोहोरको व्यवस्थापनको विषय आरोही दलभित्रको जिम्मेवारीमा पर्दछ वा पर्दैन? फोहोर व्यवस्थापनमा लायजन अफिसरको भूमिका के रहेको छ?

(ङ) पर्वतारोहणको क्रममा पर्वतारोहीको मृत्यु भएकोमा लाशहरु लामो समय अलपत्र परिरहेको प्रश्न निवेदकले उठाउनु भएकोमा सोको व्यवस्थापन कसरी गरिदैंछ। फोहोर व्यवस्थापन र लाश व्यवस्थापनको विषयको निमित्त प्रचलित ऐन, कानून नियम

पर्याप्त रहेको छ वा छैन? छैन भने कानून संशोधन वा निर्माणको कुनै प्रयासहरु भइरहेका छन् वा छैनन्?

(च) पर्वतारोहण गर्दा वातावरण प्रदुषण हुन नदिन अपनाउनु पर्ने रोकथामका उपायहरु (Preventive measures) र सो को निमित्त जिम्मेवार निकायहरुको पहिचान भएको छ वा छैन? छ भने कुन निकायले कस्तो भूमिका खेलेको छन?

(छ) जम्मा भएको फोहोरबाट वातावरण दुषित नहोस भनी के कस्तो सतर्कता उपाय (Precautionary measures) अपनाइएको छ?

(ज) हिमाली क्षेत्रमा वातावरण प्रदुषण हुन नदिन र फोहोर व्यवस्थापनको निमित्त के कस्तो योजना, रणनीति तथा कार्यक्रम रहेको छ। कुन कुन निकाय जिम्मेवार रहेका छन्? प्रभावकारी फोहोर व्यवस्थापनका निमित्त के कस्तो निकायको बीच कस्तो प्रकृतिको समन्वयको आवश्यकता छ?

५. माथी उल्लेखित विषयमा महान्यायाधिवक्ताको संयोजकत्वमा जिम्मेवार निकायसँग छलफल गरी प्रतिवेदनको तयारी गरी अर्को सुनुवाईको दिन अर्थात २०७९।२।३० मा वेञ्च समक्ष प्रस्तुतीको निमित्त समेत यो आदेश दिइएको छ।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०७९ साल वैशाख १९ गते रोज २ शुभम् -------------------------।